बैठक संख्या: ११०
मिति:२०८२/०९/१२
समय: दिउसो १ बजे
स्थान: खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यालय

आज मिति २०८२/०९/१२ गते शुक्रबारको दिन दिउसो १ बजे यस खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूको अध्यक्षतामा कार्यपालिका बैठक बसि तपशिल बमोजिमको निर्णय गरियो।

<u>उपस्थिति</u>

| क.स | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिङमा छिरी शेर्पा | अध्यक्ष | [signature] |
| २ | श्री टासी ल्हमु शेर्पा | उपाध्यक्ष | [signature] |
| ३ | श्री आङ फुर्वा शेर्पा | कार्यपालिका सदस्य | [signature] |
| ४ | श्री लक्ष्मण अधिकारी | कार्यपालिका सदस्य | |
| ५ | श्री नुरु जाङबु शेर्पा | कार्यपालिका सदस्य | [signature] |
| ६ | श्री पासाङ ग्याल्जेन शेर्पा | कार्यपालिका सदस्य | [signature] |
| ७ | श्री फुनुरु शेर्पा | कार्यपालिका सदस्य | |
| ८ | श्री आङ माया शेर्पा | कार्यपालिका सदस्य | |
| ९ | श्री डिमा याङजीन शेर्पा | कार्यपालिका सदस्य | |
| १० | श्री उमा बराईली | कार्यपालिका सदस्य | [signature] |
| ११ | श्री ल्हाक्पा गेल्जेन शेर्पा | कार्यपालिका सदस्य | [signature] |
| १२ | श्री ल्हाक्पा छिरी शेर्पा | कार्यपालिका सदस्य | [signature] |
| १३ | श्री पासाङ डोमा शेर्पा | कार्यपालिका सदस्य | |
| १४ | श्री नवराज गौतम | प्रमुख प्रशासकीय अधिकृत | [signature] |
| १५. | सुजन कुमार पुडासैनी | प्रशासकीय अधिकृत | [signature] |
| १६. | चैतनाथ कटेल | लेखा अधिकृत | [signature] |
| १७ | दीप कुमार पन्त | इन्जिनियर | [signature] |

## कार्यपालिका बैठकका निर्णयहरू

**निर्णय नं. १**

खुम्बु पासाङल्हामु गाउँपालिकाको १९ औं गाउँसभाको अधिवेशन यहि मिति २०८२।०९।२७ गते खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यालयमा आयोजना गर्ने।

**निर्णय नं. २**

खुम्बु पासाङल्हामु गाउँपालिकाको चालु आ.व. मा कार्यान्वयन हुने योजनको वर्तमान अवस्था यस प्रकार रहेको छ।

| वडा नं. | जम्मा योजना | सम्झौता भईसकेको | योजना सम्झौता हुन बाकी | लागत अनुमान तयार भईसकेको | भुक्तानी भईसकेको |
|---|---|---|---|---|---|
| १ | ३० | ९ | २१ | ४ | |
| २ | ३९ | ८ | २५ | ४ | २ |
| ३ | ३२ | १ | २० | ७ | २ |
| ४ | ३० | ४ | १२ | ११ | १ |
| ५ | ३८ | १० | १ | २६ | |
| जम्मा | १६९ | ३२ | ७९ | ५२ | ५ |

**निर्णय नं. ३**

खुम्बु पासाङल्हामु गाउँपालिका र Action for Nepal को लागत साझेदारीमा चा लु आ व मा कार्यान्वयन हुने खरिखोला खानेपानी आयोजनाको लागि अपुग हुने रू. १ करोड १५ लाख रकमको लगानी श्रोत सुनिश्चितता गरी आउने हिउँदे अधिवेशनबाट व्यवस्थापन गर्ने।

**निर्णय नं. ४**

खुम्बु पासाङल्हामु गाउँपालिकाको शिक्षा (पहिलो संशोधन) नियमावली, २०८१ को नियम ५१ मा भएको व्यवस्था अनुसार देहाय अनुसारका विद्यालयमा देहाय अनुसारका शिक्षकलाई प्रधानाध्यापक पदमा नियुक्ति गर्ने

| क्र.सं. | विद्यालयको नाम | शिक्षकको नाम | तह |
|---|---|---|---|
| १ | श्री जनसेवा आधारभूत विद्यालय, गुमेला | श्री रन्जितमान राई | प्राथमिक, तृतीय |

| | | | |
|---|---|---|---|
| २ | श्री सगरमाथा आधारभूत विद्यालय, सुर्के | श्री कुमार राई | प्राथमिक, द्वितीय |

**निर्णय नं. ५**

खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ३ स्थायी ठेगाना भएका श्री पासाङ गेल्जेन शेर्पाले खुम्बु पासाङल्हामु गाउँपालिकाको "घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र" मा भएको व्यवस्था अनुसारका कागजात पेस गरी इजाजत पत्र माग गरी निवेदन पेश गर्नु भएकोमा "खुम्बु ग्रीन निर्माण सेवा प्रा लि लाई घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने ।

**निर्णय नं. ६**

खुम्बु पासाङल्हामु गाउँपालिकामा मौरीपालन व्यवसायको प्रवर्द्धन गर्नका लागि "मौरी प्रवर्द्धन सञ्चालन कार्यविधि, २०८२ स्वीकृत गर्ने ।

**निर्णय नं. ७**

खुम्बु पासाङल्हामु गाउँपालिकामा सञ्चालनमा रहेका विद्यालयमा अध्ययनरत विद्यार्थीलाई आवासीय छात्रवृत्ति उपलब्ध गराउँदै आएकोमा चालु आ.व. को स्वीकृत कार्यक्रमबाट देहाय अनुसार आवासीय छात्रवृत्ति उपलब्ध गराउने।

देहायः

| खरिखोला मा वि | महेन्द्रज्योति मा वि | खुम्जुङ मा वि | हिमालय आ वि |
|---|---|---|---|
| १८ जना | २२ जना | ४२ जना | २३ जना |

**निर्णय नं. ९**

खुम्बु पासाङल्हामु गाउँपालिकामा नवनियुक्त नगर प्रहरीहरूको आधारभूत तालिम सञ्चालनका लागि गाउँपालिकाको प्रशासन योजना तथा अनुगमन शाखाले तयार गरेको प्रस्तावना अनुसार चालु आ व मा "जनप्रतिनिधि तथा कर्मचारीको क्षमता अभिवृद्धि" शीर्षकमा विनियोजित बजेटबाट खर्च गर्ने ।

**निर्णय नं. १०**

खुम्बु पासाङल्हामु गाउँपालिका अन्तर्गत चौंरीखर्क स्वास्थ्य चौकीमा स्थायी दरबन्दी भई हाल वडा नं. १ बुक्सा स्थित सगरमाथा सामुदायिक इकाईमा कार्यरत अ न मि रोजिना चौधरीले माग गरे अनुसार सरुवा सहमति प्रदान गर्ने ।

**निर्णय नं. ११**

**निर्णय नं. ११**

सुर्के-नासागरा-मुसे सडकको ट्रयाक खन्ने कार्य गर्दा नासागरा रोडमा Grade अनुरुप Alignment मा केही संशोधन गर्नुपरेमा अनुमती दिने साथै उक्त ट्रयाक खन्दा घरमा भएमा क्षतिको प्राविधिक मूल्याङ्कन/ सर्जमिन मुचुल्का बमोजिम क्षतिपूर्ती उपलब्ध गराउने।

**निर्णय नं. १२**

डिमदोर्जी शेर्पा सडक स्तरोन्नतीको लागि पालिका र प्रवेश बाट विनियोजन बजेट एकमुष्ट गरी खरिखोला जिरो प्वाइण्ट देखी थामडाँडा भित्र ३ खण्डमा राखी सोही अनुसार ३ प्याकेजमा बोलपत्र आव्हान गरी स्तरोन्नती कार्य गर्ने।

**निर्णय नं. १३**

जोरसल्लेको बाटो मर्मतको लागि प्राविधिक लागत अनुमान अनुसार विपद व्यवस्थापन कोषबाट बजेट विनियोजन गरी खर्च गर्ने।

**निर्णय नं. १४**

यस गाउँपालिकाको वडा नं. १ को थामडाँडा देखि वडा नं. २ सुर्के सम्म डिम दोर्जी शर्पा सडक खन्दा श्री मागेश्वर राई ( आंशिक क्षति रु १,५०,०००/-) र रेनुका राईको(पूर्ण क्षति रु ३,००,०००/-) घरमा क्षति पुगेको हुँदा " प्रकोप व्यवस्थापन कार्य योजना विनियम २०७४" को परिच्छेद - ७ मा उल्लेख भए अनुसार क्षतिपूर्ति उपलब्ध गर्ने।